हुर्केका थिए, तिनीहरूको लागि घटनाको निश्चयतासँग जति सरोकारहुन्छ त्यसको पूराहुने समयको पक्षलाई दोश्रो महत्त्वको रूपमा लिइन्छ।

**चिन्तनमननः**

क. मध्य-अठारौं शताब्दीको सुरुदेखि प्रथम विश्वयुद्धको अन्त्यसम्म पश्चिम देशका धेरै मानिसहरूले विज्ञान, तर्क, मानवतावादको सद्धान्त र प्राविधिक ज्ञानबाट मानिसहरूको जीवन उच्चस्तरमा उकास्न सक्दछन्, र लडाइँ, रोगब्याधी र अनेक विपत्तिहरूलाई निर्मूल गरी त्यसबाट छुटकारा पाइन्छ भनेर विश्वास गर्दथे। उनीहरूको त्यो धारणा र मत्ती २४ अध्यायमा उन्नाइस सय वर्षपूर्व येशुले प्रस्तुत गर्नुभएको संसारको दृष्टिकोणमा के भिन्नता छ? को ठीक छ? मत्ती २४ मा प्रस्तुत गरिएको वचनहरूले येशुको दोश्रो आगमनमा हाम्रो विश्वास बढाउन कसरी टेवा मिल्दछ, विशेष गरेर संसारका ठूलाठूला मानिसहरू वा ज्ञानी वैज्ञानिक मानिसहरूको दिवास्वप्न भन्दा येशुको वचनको यथार्थतालाई ध्यानमा राख्दा।

ख. हाम्रो एडभेन्टिस्टको शब्दसूचीमा येशुको दोश्रो आगमन निरन्तर रूपमा त्यही भइरहेको छ भनेर हातबाँधेर बस्नु चतुर खतरा हुन सक्दछ वा लाचार बनाउन सक्दछ। यसले गर्दा येशुको आगमन जस्तो असाधारण र मनलाई चकित पार्ने सन्देशलाई पूर्ण रूपमा सराहना गर्नमा कमजोर हुनसक्दछ। यस्तो असाधारण घटनालाई हल्का रूपमा नलिँऔ भनेर हामीलाई कसरी सुरक्षित राख्ने, किनभने हाम्रो जीवनको सबै आशा यसैमा झुण्डिएको हुन्छ?

तपाईंको स्थानीय चर्चमा हेर्नुहोस्, र सोध्नुहोस्, के हामीले येशुको आगमन छिट्टै होस् भनेर त्यसमा अग्रसरता देखाइरहेका छौं वा हामीले गर्दा नै येशु छिट्टै नआउनु भएको भन्ने तर्कलाई स्विकार गर्नुहुन्छ? यस बारे छलफल गरेर यसका उपादेयतालाई मनन गर्नुहोस्।





# येशु, जगत्का सम्राट् र परम मित्रको रूपमा पुनरागमन

**यस अध्ययनका निम्ति पढ्नुहोस्ः** दानियल ९:२४-२७, मत्ती २४, लुका २१:२५-३१,युहन्ना १४:१-३, १थेस्सोलिनियन ४:१३-१८,हिब्रु ९:२८

<u>**स्मरण गर्नुपर्ने पद**</u>ः "त्यसकारण ख्रिष्ट धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र अब उहाँ दोश्रो पल्टदेखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति वा त्यससँग सरोकार राख्न त होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारका निम्ति।" हिब्रु ९:२८।

एक जना इसाई लेखक टिम लेहले *लेफ्ट बिहाइन्ड* पुस्तकको श्रृङ्खलामा येशुको पुनरागमनका बारेमा सत्यलाई बङ्गाएर भ्रमात्मक रूपमा प्रस्तुत गरेर तहल्का मच्चाइरहेको पाउँदछौं। उसको किताव र फिल्महरूले संसारको करौडौं मानिसहरूको ध्यानलाई कब्जा गरिरहेको छ। उपर्युक्त श्रृङ्खलामा परमेश्वरलाई हास्यास्पद रूपमा घुमाउरो पाराले दुष्ट भनेर चित्रण गरिएको छ। यसले सारा मानिसहरूको मनमा येशुको आगमनले अनाहकमा डर र आतङ्क फैलाइरहेको छ। उपर्युक्त लेखकले बाइबलमा चित्रण गरिएको येशुको पुनरागमनको शिक्षा बिपरीत मानिसहरूको हृदयमा सन्त्रास फैलाइदिएको छ। नयाँ करारमा प्रायजसो येशुका फिर्ती आगमन, महिमित र परम आनन्दको घटनाको रूपमा प्रस्तुत गरेको पाउँछौं। याद गर्नुहोस्, उहाँ केवल हाम्रो सर्वोच्च स्वामी र जगत्को सम्राट् मात्र होइन, हाम्रो परम मित्र पनि हुनुहुन्छ।

हो, उहाँको आगमनमा कतिपय नरमाइलो तत्त्वहरूलाई समावेश गरिएको छन् जुन हामीले यस अध्यायमा हेर्दै जानेछौं, यद्यपि उहाँ आकाशबाट उक्लिरहँदा भयभीत भएर मानिसहरूको दृष्टि त्यता लाग्ने होइन। भय भन्ने तत्त्व महत्त्वपूर्ण नभएको होइन, र येशुको आगमनमा यसलाई उल्लेख गर्नु अपरिहार्य नै नभएको त होइन। तर यसलाई समावेश गर्दा बाइबलका सत्य धारणाहरूलाई स्पष्ट रूपमा उल्लेख गर्नु

पर्दछ किनभने उहाँको पुनरागमनलाई कसैलाई पनि आफ्नै तरिकाले दुःस्वप्नमा पारेर भयावहको मनस्थितिको सृजना गर्न चाहन्नौं। येशुको पुनरागमनको विषयलाई बाइबलबाट विभिन्न पक्षहरूद्वारा प्रस्तुत गर्नु भनेको श्रोताहरूको हृदयमा त्यस्तै हर्षले विभोर पारेर त्यसको प्रतीक्षा गर्न दिनु  हो जस्तै बालबालिकाहरू बडादिनको चाडलाई छिटो आओस् भनेर हर्षोल्लाससाथ पर्खेर बस्दछन्।

येशुको फिर्ती आगमनको सन्देश शुभ-सन्देश हो। यो समाचार, मानिसलाई भयभीत वा चिन्तामा पारेर कुनै मनोवैज्ञानिक उपचारमा धकेल्नका लागि होइन।

**१. पवित्र स्थानको बाहिरपट्टि पर्खेर बस्नु (हिब्रु ९:२८)**

अहिले हामी जुन समयमा रहिरहेका छौं, त्यसलाई प्राचीन इजरायलमा पश्चात्तापको दिनको चाड मनाउने परम्पराले चित्रण गर्दछ। जब मूल पुरोहितले वर्षको एक फेरा मुख्य पवित्र स्थानमा गएर सेवाकार्य गर्दथे, त्यसबेला सारा जनताहरू मन्दिरको बाहिरी भागमा ऊ कहिले निस्कन्छ भनेर आतुर गरेर पर्खेर बस्दथे। ऊ बाहिर निस्कनुको मतलवले यो सङ्केत गर्दथे, उसको सेवाकार्यले  ती जनताको र राष्ट्रको पाप निर्मूल गर्न सफलता हासिल गऱ्यो।

दानियलको भविष्यवाणीको अध्ययनले यो बताउँछ, येशु सन् १८४४ देखि त्यही सेवाकार्यमा सम्मिलित भइरहनुभएको छ जुन प्राचीन इजरायलमा पश्चात्तापको दिनको सेवाकार्यले पूर्वचित्रण गरेको थियो। जब उहाँको काम सम्पन्न हुन्छ, तब उहाँ स्वर्गको पवित्र मन्दिरबाट बाहिर निस्कनुहुनेछ र आफ्ना जनहरूलाई ग्रहण गर्नुहुनेछ। हिब्रु ९:२८ अनुसारः "त्यसकारण ख्रिष्ट धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र अब उहाँ दोश्रो पल्ट देखापर्नुहुनेछ, पाप बोक्नका निम्ति वा त्ससँग सरोकार राख्न त होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारका निम्ति।" हिब्रु ९:२८।

देहायको पदहरूले येशुको पुनरागमनको प्रतीक्षाका बारेमा के धारणा राख्दछन्?



छ।"(लुका २:११)। यो प्रतिज्ञा विफल भएन; किनभने यी उच्चारण जीवित परमेश्वरको  निर्विवाद र अटल वचनमा आधारित थियो। येशुको दोश्रो आगमनमा पनि यही प्रकारले पूरा हुनेछ।

यदि येशुको दोश्रो आगमनको प्रत्याभूति नभएको भए प्रथम आगमनको औचित्य के हो र? फेरि निर्विवाद रूपमा येशुको प्रथम आगमनले गर्दा र उहाँले हाम्रो लागि जे गर्नुभयो, त्यसले गर्दा जे भएतापनि उहाँको दोश्रो आगमन पक्कापक्की भएमा हामीलाई कस्तो अनुभूति हुन्छ?

**उपसंहारः**

थप जानकारीः "मानव रूप लिएर येशु स्वर्गमा उक्लिनुभयो। चेलाहरूले उहाँलाई ढाकेर लगेका बादलहरूलाई वाल्ल परेर हेरेका थिए। त्यही येशु जो उनीहरूसँग हिँड्नुभयो, खानुभयो र प्रार्थनागर्नुभयो; जो उनीहरूसँग रोटी भाँच्नुभएको थियो; जो उनीहरूसँग तलाउको डुङ्गामा यात्रा गर्नुभएको थियो; र जो त्यही दिन जैतूनको पहाडमा थाक्दै हिँड्नुभएको थियो,- अव त्यही येशु उहाँको पिताको सिंहासनमा साझेदारी भएर बस्न जानुभयो। र स्वर्गदूतहरूले तिनीहरूलाई विश्वास दिलाउँदै भने, त्यही येशु जो तिनीहरूले स्वर्गमा उक्लिरहेको देखेका थिए, त्यसरी नै उहाँ ओर्लनुहुनेछ....त्यसकारण अब जुनसुकै प्रतिकूल परिस्थितिको सामनगर्नुपरे तापनि उहाँको फिर्ती आगमनको आशालाई प्रज्वलित गर्दै जीवन अगाडि बढाउने प्रण गरे।"-एलेन जि ह्वाइट, "*टु माई फादर एण्ड योर फादर,*" पृ. ८३२, *द डिजायर अभ् एजेजमा,*, पृ. ८३२।

येशुको आगमनको ढिलाइका बारेमा चिन्तित किन हुन्छौं भने समयको बारेमा आफ्नै धारणा रहेको हुनाले। विकसित देशहरूमा अपेक्षा गरेका घटनाले गर्दा हाम्रो कामधन्दाहरूमा असर पार्दछ। कुनै पनि घटनाको निश्चय ज्ञान भएमा त्यसले गर्दा हाम्रो मूल्यमान्यतामा असर पारेको हुनाले त्यो छिट्टै होस् भन्ने हामी चाहन्छौं। तर पुर्वीय सभ्यतामा वा मगजमा, जुन बाइबलका लेखकहरू त्यही संस्कारमा

आगमन, तत्कालीन त्यस दिन, अर्को दिन, अर्को हप्ता, अर्को महिना, अर्को वर्ष, अर्को दशक र अर्को शताब्दीमा पनि हुने होइन ! त्यस नैराश्यको बादलले ढाकिएका विश्वासीहरूको पिँढी १६४ वर्ष पार गरियो र हामी यस संसारमा अझै पनि छौं। हाम्रो समझमा यो समस्यालाई कसरी मुठभेट गरेर राख्ने?

एउटा उपाय त, हामीले उहाँको आगमनको निश्चयतालाई विश्वास गर्दै सत्यनिष्ठ भएर बस्नुपर्दछ। अर्को अर्थमा भन्ने हो भने, उहाँको आगमन जहिले सुकै भए तापनि, त्यस विश्वासमा अडिग भएर रहनु पर्दछ, तर कुनै तर्क-वितर्कको पछाडि लागेर त होइन, तर उहाँको आगमनको दावी कस्ले गऱ्यो भन्नेमा विश्वास गरेर। येशु ऐतिहासिक व्यक्तित्व हुनुहुन्छ भनेर शताब्दीयौंदेखि अनेक प्रमाणहरू सत्यपूर्वक धरोहरको रूपमा खडा भइरहेको सर्वविदितै छ। उहाँको अस्तित्वलाई कसैले पनि नकार्न आँट गर्न सकेको छैन, र कसैले गरे तापनि त्यस्ताको प्रयासहरू धरासयी भएको हामीले पाइरहेका छौं। यस्तै व्यक्तित्व भएको येशुले आफ्नो निकट प्रस्थानका बारेमा चिन्तित, व्याकुल हृदय भएका चेलाहरूका समूहलाई सम्बोधन गरिरहनुभएको देख्दछौं। चिन्ताले व्याकुल नहुनू, उहाँले तिनीहरूलाई भन्नुहुन्छ। म माथि भरोसा राख, मलाई विश्वास गर या मेरो संरक्षणमा बस (युहन्ना १४:१)। “यदि म गएँ र तिमीहरूका लागि ठाँउ तयार पारें भने म फेरि आउनेछु र मसँग रहन तिमीहरूलाई लानेछु" (पद ३)

देहायका पदहरू पुनरावलोकन गर्नुहोस्। यी पदहरूले हामीलाई उहाँको आगमनका बारेमा उचित परिप्रेक्ष्यमा राख्न कसरी मद्दत मिल्दछ? <u>उत्पत्ति ३:१५,यशैया ४०:८,गलाती ४:४,दानियल ९:२४-२७।</u>

यथार्थमा भन्ने हो भने येशुको प्रथम आगमनका भविष्यवाणी अदनको बगैंचामा दिएको पाउँछौं (उत्पत्ति ३:१५); त्यसलाई पूरा गर्न संसार हजारौं वर्ष कुर्नुपरेको थियो। जब परमेश्वरको महान् अन्तरिक्ष घडी उहाँले निर्दिष्ट गर्नुभएको समयमा हान्यो, रहस्यमय जीवहरूले झस्केका गोठालाहरूलाई बेतलहेमको डाँडापाखामा घोषणा गर्दछन्: "आज दाउदको सहरमा तिमीहरूका निम्ति मुक्तिदाताको जन्म भएको



<u>लुका१२:४०-४८,तितस २:११-१३,१पत्रुस १:३-८</u>

विलियम मिलर र उसका अनुयायीहरूले १८४४ मै येशु स्वर्गका त्यस पवित्र मन्दिरबाट बाहिर निस्कनुहुनेछ भनेर बढो उत्सुकतापूर्वक प्रतीक्षा गरिरहेका थिए। हामीलाई थाहा छ त्यसो नहुँदा उनीहरू अत्यन्त निराश भएका थिए, तर तिनीहरू कस्तो जोशले भरिपूर्ण भएका थिए होलान्, त्यो हामीललाई कल्पना गर्न गाऱ्है होला। ती मानिसहरूले आफ्नो भएभरको शक्तिले येशुलाई प्रेम गरेका थिए; तिनीहरू उहाँको नजिक भएको आभास पाएका थिए; तिनीहरू उहाँलाई भेट्न लालायित भएका थिए; उहाँ तिनीहरूको अभिन्न मित्र हुनुहुन्थ्यो। हाइराम एडिसनले धेरै वर्षपछि व्यक्त गरेका भावुकतापूर्ण अभिव्यक्तिले त्यस ताका ती येशुको प्रतीक्षामा रहेका समूहमा कस्तो खालको जागरण र आभासले भरिपूर्ण भएको थियो भनेर छर्लङ्ग गर्दछ। तिनीहरूले “येशु ख्रिष्ट र उहाँका साथमा पवित्र स्वर्गदूतहरूलाई देख्न सकिने भयो भनेर विश्वस्त भएका थिए।" भनेर एडिसन लेख्दछ। जब उनीहरूले अपेक्षा गरेको अनुसार येशु आउनुभएन, “तिनीहरूमा यस्तो कोलाहल भएको थियो, जुन मैले कहिल्यै पनि अनुभव गरेको थिइनँ.....हामी रोयौं, रातभर झिसमिसे उज्यालो नहुन्जेल रोयौं।" हाइराम एडिसन, हस्तलेखका टुक्राहरू, सेन्टर फर एडभेन्टिस्ट रिसर्च (हेरिटेज रुमबाट), जेम्स ह्वाइट लाइब्रेरी, आन्द्रु युनिभर्सिटी। यी विश्वासीहरूले येशु नआउँदा सुस्केरा हालेर सन्चो भएको जस्तो आभास गरेनन्। बरु तिनीहरू अति निराश भएका थिए, र अत्यन्त तीतो अनुभवले तिनीहरूलाई पछारेको थियो।

येशु आउँदै हुनुहुन्छ, के तपाईं उल्लसित हुनुभएको छ? के उहाँ छिट्टै आउनुहोस् भनेर चाहनु हुन्छ? वा के तपाईं भयभीत हुनुभएको छ? के उहाँको आगमनलाई विकराल रूपमा लिइरहनुभएको छ? तपाईंको जवाफमा कस्ता तर्कहरू समावेश गर्नुभएको छ? लेख्नुहोस् र प्रार्थनापूर्वक त्यसलाई हेरेर आत्मालोचना गर्नुहोस् जसले गर्दा तपाईंको इसाई जीवन कस्तो रहेछ भनेर छर्लङ्ग पारियोस्।

## २. उहाँको पुनरागमनमा मानिसहरू भयभीत हुने तत्त्वहरू

येशुको आगमनमा अन्धकार पक्ष पनि नभएको होइन। विश्वका राष्ट्रहरूले विपत्तिको सामना गर्नुपर्ने छ भनेर येशु आफैले यसरी पुष्टि गर्नुभएको छः "जब आकासमा मानिसको पुत्रको आगमनको सङ्केत हुनेछ, त्यसबखत विश्वका सारा राष्ट्रहरूमा कोलाहल मच्चिनेछ।"(मत्ती २४:३०)। यो स्थितिलाई महा जलप्रलयपूर्व र सोडोमका मानिसहरूको दुष्ट चरित्रलाई परमेश्वरले कसरी तिनीहरूको इन्साफ गर्नुभयो भनेर येशुले दाँज्नुभएको छ (मत्ती २४:३७-३९, लुका १७:२६-३०); अन्तमा मानिसहरूलाई कसरी छुट्याइनेछ भनेर अत्यन्त प्रभावकारी ढंगले यसरी चित्रण गर्नुभएको छः "त्यसबखत दुई आइमाईहरूले मिलमा पिठो पिनिरहने छन्, एक जनालाई लिएर जानेछन्, अर्कोलाई यहीँ छोड्नेछन् (मत्ती २४:४०,४१)। अनि बाँकी भएकाहरू जागरुक भएर बस्नु भनेर जुन चेतावनी दिनुभयो, योभन्दा कडा निर्देशन अरू के होला? (मत्ती २४:४३-५१)। जब येशुले आफ्ना चेलाहरूलाई अन्तको चिन्हहरूको बारेमा उल्लेख गर्दै प्रवचन दिइरहनुभएको थियो (मत्ती २४), पत्रुस एकदम चनाखो भएर सुनिरहेको थियो। त्यस समया येशुले परमेश्वरको दिनको बारेमा भन्नुभएको स्मरण गर्दै पत्रुस भन्दछ, "यो दिन आगो र सन्त्रासले यो संसार प्रज्वलित हुनेछ" (२ पत्रुस ३:१०-१२)। प्रेरित युहन्नाले जब पाटमोसको टापुमा पाएको दर्शनलाई उद्घृत गर्दै भन्दछः "उहाँको कारणले सारा मानिसहरूमा रुवावास हुनेछ" (प्रकाश १:७)। अनि प्रकाश ६:१५,१६ मा सबै व्यवसायका मानिसहरूको दुर्गति अत्यन्त मर्माहत रूपमा प्रस्तुत गरेको छः तिनीहरूलाई पहाड र चट्टानले पुरिउन् भनेर यसरी पुकारा गर्नेछन् "सिंहासनमा विराजमान हुनुहुने र थुमाको क्रोधको अनुहारबाट हामीलाई लुकाउनुहोस् !"

येशुको दोश्रो आगमनका बारेमा देहायका पदहरूले कसरी चित्रण गरिएको छ? मत्ती२५:३१-३३,४१,२थेस्सोलोनी१:६-९,हिब्रू १२:२५-२९।

येशुको पुनरागमन कसका लागि आपत्तिजनक हुनेछ? ती कठोर



गरेका छन्, तर येशुको यो वचन पुरा नभइकन संसार चाहे विश्व युद्ध होस्, रोगव्याधीले होस् आतङ्कवाद्ले होस् वा अन्तरिक्षबाट आउने पिण्डबाट होस्, यो संसारै त ध्वस्त हुनेछैन)। यसले यो पनि येशुले राय सल्लाह दिनुहुन्छ, उहाँका भक्तहरूले कुनै न कुनै रूपमा प्रत्यक्ष वा अप्रत्यक्षमा रूपमा होस्, मानव इतिहासको अन्त गर्न भूमिका तयार गरिरहेको हुन्छ। यसकारण हामी हरेकलाई, हामी जहाँ भए तापनि, जे सुकै व्यवसायमा लागे तापनि, येशुको आगमनका लागि सक्रिय भूमिका उत्साह र उमङ्गसाथ खेलोस् भनेर आह्वान गर्दछ।

लण्डनको कैदखानामा मृत्युको फैसालामा परिरहेको एक जना कैदीलाई येशुका बारेमा विश्वास दिलाउन खोज्दै, लीटन फोर्दले एक जना झ्यालखानामा सेवाकार्य गर्ने पादरीको बारेमा उल्लेख गर्दछ। "पादरी साहेब, तपाईंले मलाई जे सिकाउनुभयो, त्यो आफैले पनि निश्चित रूपमा विश्वास गर्नुहुन्छ?.....यदि मैले तपाईको सुसमाचारमा साँच्चिकै विश्वास गरेको भए, लण्डनको कुनाकाप्चामा टुक्रिएको सिसाका प्वालहरूबाट घिस्रिँदै सबै मानिसहरूलाई सुनाउने थिएँ।"- *द क्रिस्चियन परस्वेदर* (न्यु योर्कः हार्पर एण्ड रो, १९६६) पृ. २९। वर्तमान युगमा यस्तो किसिमको जोश हामी सबैमा हुनुपर्दछ।

यदि येशुको दोश्रो आगमनपूर्व सारा संसारको कुना काप्चामा सुसमाचार फैलाउनु छ भने, र त्यो सुसमाचार सुनाउन हामीलाई आह्वान गरिएको छ भने, उहाँको आगमनलाई हतार गर्न हाम्रो सक्रिय भूमिका हुनुपर्दछ, होइन त? हो कि होइन? के चुनौतीहरू, अवसरहरू र समस्याहरूलाई पार गर्दै येशुको छिट्टो आगमनका लागि हामी अग्रसर हुनुपर्दछ?

## ५. येशुको दर्शन कहिले पाउने- भाग २

यस अध्यायको प्रथम भागमा मिलर मतका मानिसहरूले उत्साहको साथ अक्टोवर २२, १८४४ मा येशुको आगमनको प्रतीक्षा गरेका थिए भनेर उल्लेख गर्‍यौं, र उहाँको आगमन नहुँदा महान निराश भएका थिए। त्यस बेलादेखि हामीले यो पत्ता लगायौं कि येशुको

ख हामीहरूले अन्तर्द्वन्द्व र घृणाको सामना गर्नुपर्नेछ, चर्चभित्रै पनि एक आपसमा बेमेल भएर झगडाको बीउ सल्किनेछ। विश्वासीहरूका बीचमा पनि घात अन्तर्घातले ग्रस्त भएर धेरैको विश्वास छियाछिया हुनेछ।

ग उहाँको आगमनको बारेमा हामी सतर्क हुनुपर्दछ, सजग भएर बस्नु पर्दछ र कसैबाट पनि हामी सीधासाधा भनेर धोकामा पार्नु दिनु हुँदैन, ठग्न दिनु हुँदैन। विभिन्न ज्योतिषीहरू वा भविष्यवक्ताहरूको चुङ्गलमा पर्नुहुँदैन, र कतिले त सिद्ध पुरुष वा भगवान्को पगरी ओढेर अचम्मका कामहरू गरेर सारा संसारका मानिसहरूलाई मात्र होइन, येशुभक्तहरूलाई पनि फसाउन सक्दछ भनेर आफ्ना विश्वासीहरूलाई सतर्क गर्दै येशु भन्नुहुन्छ (पद ४,५) (यस विषयमा येशु विशेष गरेर लम्ब्याउनुहुन्छ)

घ संसारको अन्त वा संसारको ध्वस्त हुनुभन्दा अगाडि विश्वका सारा मानिसहरूले सुसमाचार वा परमेश्वरको प्रेम र त्यागका बारेमा सुन्न अवसर पाउनेछन्(याद गर्नुहोस्, सबै इसाई हुनेछन् भनेको छैन)(पद १४)।

ङ उहाँको दोश्रो आगमन कुनै स्थानीय स्तरमा नभएर प्रत्यक्ष, अति सानदार र एकै चोटि विश्वव्यापी घटना हुनेछन् (पद २७)।

च जब येशुको आगमन हुनै लागेको हुन्छ, त्यसबेला अन्तरिक्षमा केही निश्चित र अचम्मका सङ्केतहरू देखापर्नेछन् (पद २९)।

च जब अन्तको आगमन हुन्छ, त्यसबेला परमेश्वरका दूतहरूले सारा संसारबाट विश्वासी जनहरू बटुल्नेछन् (पद ३१)।

छ उहाँको आगमनको समय र दिन केवल परमेश्वरलाई मात्र थाहा हुन्छ, कसैको अनुमान वा भविष्यवाणीको धरापमा पर्नुहुँददैन (पद ३६)

ज यी सबै भविष्यवाणीहरू र खबरदारीहरूको बाबजुद पनि उहाँको आगमन अचानक र अपेक्षा नगरेको समयमा हुनेछ (पद ४२-४४)

माथि उल्लेख गरिएका बुँदाहरूमा एउटा महत्त्वपूर्ण बुँदालाई जोड दिनु अत्यावश्यक छ, त्यो हो सारा संसारमा जताततै गवाहीको रूपमा सुसमाचार फैलिनेछन् र त्यसपछि अन्त्य हुनेछ (पद १४)। (वैज्ञानिकहरूले कुनै न कुनै प्रकारले संसार ध्वस्त हुनेछन् भनेर यकिन



मानिसहरू जसले अरूलाई शारीरिक यातना दिएर तिनीहरूको जीवन कष्टकर बनाउँछन्, अनेक रीतिले दुर्व्यवहार गर्दछन, लुटपाट गरेर आतङ्कित बनाउँछन्, जनताको पसिनाले भित्र्याएका सरकारी ढुकुटी अनेक बहानामा अख्तियारको दुरुपयोग गर्दै डाँका मार्दछन्, र राजनीति, धार्मिक वा सामाजिक बहानामा करौडौंलाई भोका नाङ्गा, घरबार विहीन बनाउँदै तिनीहरूको जीवनलाई पीडादायी बनाउँछन्। अनि ती असल मानिसहरू जसले मानववादको सिद्धान्तलाई फैलाउँछन् तर अहङ्कारले प्रेरित भएर आफ्नो पिठ्युँहरू परमेश्वर तिर फर्काउँछन्, उहाँको अस्तित्वलाई अस्विकार गर्दै मानिसहरूलाई नास्तिक बनाउँछन् र सदाशयी परमेश्वरको अनुकम्पाशील दया र क्षमालाई लत्याउँछन्। यदि तिनीहरू रूपान्तर भएनन् वा बदलिएनन् भने, तिनीहरूका लागि येशुको पुनरागमन खराब सन्देशबाहेक अरू केही भयो भने त्यो गैर जिम्मेवारीको पराकाष्ठा मानिनेछ। मानिसहरूको निर्दिष्ट अनन्त जीवन यसै विषयमा झुन्डिएको कारणले, त्यसको यथार्थ स्थितिलाई बेवास्ता गर्दै झुटा मीठा वचनहरूले तिनीहरूलाई आकर्षित गर्दै लालायित बनाएर, परमेश्वरलाई गहिरो प्रेममा नदोहोऱ्याइ त्यसै फसाउनु जस्तो महा अपराध अरू के होला? (येशुका सत् अनुयायीहरूले कसैलाई पनि झुटो वा सापटी आश्वासन देखाएर येशुभक्त बनाउँदैनन। यदि बनेमा वा बनाएमा, त्यो बालुवामा बनाएको घर जस्तै हुनेछ, अलिकति आफ्नो महत्त्वकांक्षामा गडबड भयो भने त्यसले चर्च र विश्वासलाई सजिलैसँग त्यागिदिनेछ। प्रभु येशुले कसैलाई पनि चिप्लो घसेर आफूतिर खिच्नु भएन, अझ युहन्ना ६:६६,६७ मा ७० जना चेलाहरू उहाँबाट हटेर जाँदा उहाँले १२ जनालाई पनि उनीहरूको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्दै भन्नुभयो, "के तिमीहरू पनि मलाई त्यागेर जाने?" विश्वासको पथमा नहिँडनेका लागि येशुको आगमन आपत्तिजनक हुन्छ भने, विश्वासमा हिँड्नेका निम्ति स्वागतयोग्य हुनेछ। मानिसहरूको यथार्थ स्थितिको बोध गर्दै तिनीहरूको जीवन रूपान्तर हुन आह्वान गर्नु हरेक विश्वासीहरूको यो धर्म हो-अनुवादकको कथन)

श्रद्धा र अलिकति भयले राम्रो काम पनि गर्दछ, किन? हेर्नुहोस् फिलिप्पी २:१२। अरूलाई भन्दा हामीलाई अलि बेसी चाहिने हो कि?

**३. अर्को पक्षमा हेर्ने हो भने.....**

अघिल्लो बुँदामा हेऱ्यौं, येशुको आगमनमा अन्धकार पक्ष पनि छन्। तर रूपान्तर (converted) भएका वा नव जीवनको अनुभूत भएका येशुभक्तहरूका लागि उहाँको आगमन अर्कै रूपमा हेरिन्छ, किनभने गरिमाय पुनरागमन केवल हृदयका राजाको मात्र होइन, उहाँ त तिनीहरूको परम मित्र पनि हुनुहुन्छ। क्षितिजमा जे सुकै सङ्केत देखापरेपनि, उहाँको पुनरागमनलाई उत्सुकतापूर्वक र लालायितमनले प्रतीक्षा गर्नु भनेर येशुले साहसी तुल्याउनुभएको छ। हौसला प्रदान गर्दै आफ्ना भक्तहरूलाई, उहाँले भन्नुभयो, "जब यी कुराहरू पूरा भइरहेको तिमीहरूले देख्नेछौं, तिमीहरूले आफ्ना शिरहरू उठाउनु र खडा हुनु, किनभने तिमीहरूको उद्धारको समय नजिकै आइरहेछ।" (लुका २१:२८)। येशुभक्तले शिर झुकाउनु पर्दैन, कुमलाई खुम्च्याउनु पर्दैन, ए, म त ख्रिस्टियन भएर फसैं, भनेर पश्चात्ताप गर्नुपर्दैन, जस्तो सुकै महान् अगुवाहरूको पतन भयो भन्दैमा हामी हतोत्साह हुनु पर्दैन, किनभने हाम्रो दृष्टि त्यस महान् प्रभुमा भइरहनेछ। आफ्नो फिर्ती आगमनको निर्णायक दिनमा सबै विश्वासीहरू लालायित भएर उत्सुकतापूर्वक आकाशमा अबीचल तवरले आँखा लगाएर हेरिरहनु भनेर येशुले भन्नुभएको छ। उहाँ आफ्ना अनुयायीहरू आशावादी भएको चाहनुहुन्छ, प्रफुल्ल र उल्लासित भएको हेर्न चाहनुहुन्छ।

यी पदहरू पढ्नुहोस। यिनीहरू येशुको पुनरागमनलाई आनन्दपूर्वक प्रतीक्षा गरिरहन कसरी हामीलाई हौसला प्रदान गर्दछन? <u>युहन्ना १४:१-३, प्रेरित १:११, फिलिप्पी ३:२०,२१, १ थेस्सोलोनी ४:१३-१८, प्रकाश ७:९,१०,१३-१७</u>

धर्मभिरुहरू र उहाँलाई अविश्वास गर्नेहरूका सामु उहाँको राजकीय सम्मान, यश र न्यायको पक्षमा जोड दिएर येशुले कसरी प्रवचन दिनुभयो भनेर हेर्नु हाम्रो निम्ति शिक्षाप्रदको विषय हो। तर जब



आफ्ना चेलाहरूलाई लक्षित गर्नुभयो, तिनीहरूलाई आश्वासन, आशा, भरोसा र आनन्द दिँदै, उहाँको जोडलाई बदल्नुहुन्छ। मत्ती २४:३१ मा उहाँको आगमनमा राष्ट्रहरू बेचैन हुनेछ भनेर भन्नुभएको लगत्तै पछि उहाँकन मानिसहरूतिर लक्षित गर्दै आफ्नो आवाज बदल्नुहुन्छ र भन्नुहुन्छः हरेक राष्ट्रबाट उहाँको राज्यका लागि स्वर्दूतहरूले आफ्ना भक्तहरूलाई बटुल्नेछन्। चिन्तित हृदय भएका आफ्ना विश्वासीहरूलाई शान्त पार्दै, छियाछिया भएको धैर्यलाई मजबुत बनाउँदै, तिनीहरूलाई उहाँको आगमनको आशामा झुन्डिएर बस्नु भनेर युहन्ना १४:१-३ मा ढाडस दिनुहुन्छ।यदि तपाईंले एक महिनाभित्रै येशु आउनुहुन्छ भनेर हृदयदेखि विश्वास गर्नुहुन्छ भने तपाईंको जीवनमा के नैतिक वा आचरणमा परिवर्तन ल्याउनुपर्ने आभास पाउनुहुन्छ? यी प्रश्नलाई मनन गरिरहेकै बेला सोच्नुहोस्, तपाईंको जीवन परिवर्तन गर्न किन पर्खिने? किनभने आखिर समयसम्म पर्खेर बस्दा जीवनमा परिवर्तन वा सुधार ल्याउन ढिलो भइसक्ने र मुस्किल हुने सम्भावना धेरै हुनसक्दछ।

**४. येशुको दर्शन कहिले पाउने- भाग १**

उहाँको दोश्रो आगमनका बारेमा येशुका चेलाहरूको जिज्ञासालाई आफ्नै शब्दहरूमा दिनुभएको जवाफ मत्ती २४ मा उल्लिखित गरिएको छ। येशुको पुनरागमनको बारेमा वर्णन गरिएको विवरणहरूमा यसलाई निर्णायक अध्यायको रूपमा लिइन्छ किनभने आजको युगमा पनि येशु कहिले आउनुहुन्छ भन्ने प्रश्नहरू हरेक येशुभक्तको दिमागमा चर्किरहेको हुन्छन्। उहाँ आउनुभन्दा पहिले के के हुन्छ भनेर धेरै घटनाहरूको भविष्यवाणी गर्नुभएको थियो। तिनीहरूलाई जोड दिँदा येशुले भन्नु भएको केही अंश यी हुन्:

क संसारमा जे हुनेछ, त्यसदेखि चिन्तित हुनु हुँदैन। (ग्रीक वा युनानी भाषामा उहाँको वचन स्पष्ट छन्; यो जोड दिएर हामी भन्न सक्दछौं "तिमीहरू निराश नहोओ (पद ६) वा आतङ्कित नहोओ- चाहे अनिकाल होस्, भूँइचालो जाओस् वा देशदेशका बीचमा द्वन्द्व नै किन नहोस् (पद ६-८)।